जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ६३ पृष्ठः ४ | २०८३ असार १२ शुक्रबार (Friday 26 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिराहामा विपत् उद्धार तथा सुरक्षा सामग्री हस्तान्तरण




**मणिलाल विश्वकर्मा**

लहान, ११ असार। जिल्ला प्रशासन कार्यालय सिराहालाई प्राकृतिक प्रकोपको समयमा तत्काल प्रयोगका लागि विपत् उद्धार तथा सुरक्षा सामग्रीहरू हस्तान्तरण गरिएको छ। जल उत्पन्न तथा आगलागीसहितका विपतमा फसेकाहरूको तत्काल उद्धार तथा सुरक्षाका लागि बिहीबार प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई उक्त सामग्रीहरू हस्तान्तरण गरिएको हो।

अर्नमा गाउँपालिकामा सञ्चालित 'सबल बालिका, सबल समुदाय' परियोजना अन्तर्गत प्लान इन्टरनेसनल नेपालकी काजल झा तथा साझेदार लहानस्थित दलित जनकल्याण युवा क्लबका अध्यक्ष उमेशकुमार बिसुन्खेले संयुक्त रूपमा सामग्री हस्तान्तरण गरेका हुन्। सो अवसरमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा नेपाली सेनाका जिल्ला प्रमुखहरूको उपस्थिति थियो।

हस्तान्तरित सामग्रीहरूमा नौ लाख ८१ हजार ५१४ रुपैयाँबराबरका लाइफ ज्याकेट, डोरी, जुमर, ओरिङ, ६ किलो

-बाँकी तीन पेजमा

## मोहरम सौहार्दपूर्ण बनाउने सहमति

**जनार्जन खत्री**

सर्लाही, ११ असार। सर्लाहीमा मुस्लिम समुदायले मनाउने मोहरम अर्थात् दाहा पर्वलाई सौहार्दपूर्ण किसिमले मनाउने निर्णय गरिएको छ। बिहीबार दिउँसो सदरमुकाम मलङ्गवास्थित जिल्ला प्रशासन कार्यालयमा विभिन्न धार्मिक संघ संस्थाका प्रमुख, धर्मगुरु र प्रतिनिधिको उपस्थितिमा समन्वय बैठक बसी पर्व मनाउने क्रममा शान्ति सुरक्षा र धार्मिक सहिष्णुता कायम राख्ने सहमति गरिएको हो।

मुस्लिम समुदायले आफ्नो तेस्रो ठुलो पर्व मोहरम शुक्रबार मनाउँदैछ। सर्लाहीमा जिल्ला सदरमुकाम मलङ्गवास्थित २० वटै पालिकामा बसोवास गर्ने मुस्लिम समुदायले हर्षोउल्लासपूर्वक मोहरम पर्व मनाउने तयारी गरेका छन्। मुस्लिम समुदायले एकापसमा लाठी, भाला तथा झर्नी खेल्दै मोहरम पर्व मनाउने गरेका छन्। सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदीको अध्यक्षतामा बसेको बैठकले पर्व मनाइने स्थानहरुमा आवश्यकताअनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा वडास्तरको सम्वन्धित धर्मावलम्वी समुदायबाट स्वयंसेवक परिचालन गर्ने, शुक्रबारदेखि आइतबारसम्म मदिराजन्य पदार्थ बिक्री तथा सेवनमा रोक लगाउने, अन्य मुलुकको झण्डा प्रयोग नगर्ने लगायतका सहमति भएका छन्।

पर्व मनाउने क्रममा अघिल्ला वर्षहरुमा विवाद भएका घटनालाई मध्यनजर गर्दै पर्वको अघिल्लो दिन नै सबै सरोकारवालालाई राखेर यस प्रकारको सहमति गरिएको हो। हरिपुर नगरपालिकाका पूर्व नगरप्रमुख

-बाँकी तीन पेजमा

## गोलबजार नगरपालिकाद्वारा साढे ७५ करोडको बजेट प्रस्ताव




सिरहा, ११ असार। सिरहाको गोलबजार नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ७५ करोड ५६ लाख ८६ हजार रुपैयाँ बराबरको वार्षिक बजेट प्रस्तुत गरेको छ। बुधबार सम्पन्न १५ औँ नगर अधिवेशनमा नगर उपप्रमुख मानती कुमारी साहले चालुतर्फ ५६ करोड २१ लाख ८६ हजार र पूँजीगततर्फ १९ करोड ३५ लाख रुपैयाँको विनियोजित बजेट प्रस्ताव प्रस्तुत गरेकी हुन्।

यो बजेट कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आय र गत आर्थिक वर्षको मौज्दातसहित विभिन्न स्रोतबाट आवश्यक वित्तीय व्यवस्थापन गरिने बजेटमा उल्लेख छ। नगर अधिवेशनमा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख श्यामकुमार श्रेष्ठले अबको बजेटमा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई विशेष जोड दिने बताए। उनले भने, 'यो पटकको बजेटले विशेष गरेर शिक्षा, स्वास्थ्य र कृषिक्षेत्रलाई प्राथमिकतामा राखेर आउँछ। हामीले त्यहि अनुसारको निती, कार्यक्रम तथा बजेट विनियोजन हुने छ।'

नगर अधिवेशनका प्रमुख अतिथि शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले अधिवेशन सफलताको शुभकामना व्यक्त गर्दै जनप्रतिनिधिहरूको मुख्य काम नीति तथा कार्यक्रम निर्माण गर्ने भएको बताए। त्यसको सफल कार्यान्वयन कर्मचारीले गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'जनप्रतिनिधीको मूख्य काम भनेकै नीति तथा कार्यक्रम बनाउने हो, यसको कार्यान्वयनको जिम्मा कर्मचारीको हो, अव कर्मचारीले तदारुक्ता र इमान्दारिताकासाथ काम गर्नु पर्छ।'

सोही क्रममा उनले प्रदेशको नयाँ नीति, कार्यक्रम र बजेटले जिल्लाको शिक्षा र धर्म सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान गर्ने दाबी गरे। मन्त्री सिंहले थपे, 'यो बजेटले सिरहाका सवै विद्यालय, मठ, मन्दिर,

-बाँकी दुई पेजमा





**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## छाडा पशु-चौपायाको संरक्षण गरौं

छाडा पशु–चौपायाका कारणले:

- सडक दुर्घटनाको सम्भावना बढ्छ,
- बाली तथा बोटविरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुबैको जीवन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला विसर्जन हुँदा रोग फैलिन सक्छ,

त्यसैले,

- पशु–चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशु–चौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशु–चौपायाको नियन्त्रण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सल्लाहकारको भिडले मन्त्रालय चुस्त हुँदैन

संस्थागत सुधारको अवसर र जनादेश दुवै पाए पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सरकारले समानान्तर शासनको संकेत देखाएको छ। मन्त्रालयहरूको संख्या घटाउँदा सरकारको सराहना गर्नेहरूसमेत अहिले सल्लाहकारको फौज खडा गर्ने मन्त्रिपरिषद्को निर्णयको आलोचना गर्दैछन्। मन्त्रिपरिषद्ले मन्त्रीले ३ देखि ५ जनासम्म निजामती सेवाका सचिवसरहका सल्लाहकार नियुक्त र प्रमुख स्वकीय सचिवसहित ९ जनाको स्वकीय सचिवालय बनाउन पाउने निर्णय गरेको समाचार सार्वजनिक भएको छ। यो निर्णय कार्यान्वयन भयो भने त्यसबाट राज्यकोषमा अनावश्यक वित्तीय भार थपिनुका साथै निजामती सेवाको संस्थागत मनोबलसमेत कमजोर हुने देखिन्छ।

सचिवहरूले मन्त्रीहरूलाई पढाउनु थालेकोमा असन्तुष्ट प्रधानमन्त्री शाह र उनका युवा मन्त्रीलाई कर्मचारीहरूले आफ्नो गति नियन्त्रित गर्ने वा कर्मचारीमा भरपर्दा जनअपेक्षाअनुसार काम गर्न नसकिने डर लागेको हुनसक्छ। कर्मचारीलाई तह लगाउन सल्लाहकार राख्न थाल्ने हो प्रशासन यन्त्र झन् भुत्ते हुनसक्छ। लोकतन्त्रमा शासकीय निर्णयमा सहभागी हुनेहरू सबै संस्थागतरूपमा पनि जवाफदेही हुनुपर्छ। संविधान वा राज्यको वैधानिक संरचनाबाहिरको व्यक्तिलाई जवाफदेही बनाउन र मान्न पनि मिल्दैन। यसैले राज्यको आधिकारिक संरचनाबाहिरका सल्लाहकारुमार्फत चलाइने शासन अरू जे भए पनि लोकतान्त्रिक मानिन सक्दैन। अर्थात्, सैद्धान्तिक आधारमा यो निर्णय गलत हुन्छ।

साधारण खर्च धान्न पनि ऋण काढ्नुपर्ने अवस्थाको अर्थतन्त्र भएको मुलुकमा मन्त्रीपिच्छे ३ जना विशिष्ट श्रेणीसरहका सल्लाहकार नियुक्त गर्ने निर्णय आर्थिक दृष्टिबाट पनि उचित ठहरिन सक्दैन। निजामती कर्मचारी कटौती गर्ने तर सल्लाहकारको फौज खडा गर्ने निर्णय कुनै पनि कोणबाट औचित्यपूर्ण देखिँदैन। मन्त्रीले गर्ने निर्णयमा सल्लाहकारको राय निर्णायक हुन थाल्यो भने मन्त्रालयका सचिवलगायत निर्णय तहका कर्मचारीहरूको तेजोबध हुन्छ। त्यस अवस्थामा प्रशासन संयन्त्र आदेशपालकमा सीमित हुनपुग्छ। मन्त्रालयको संस्थागत स्मृतिको उपेक्षा हुँदा सरकारले पहिलेकै गल्तीहरू दोहोऱ्याउने र समय खेर फाल्ने जोखिम बढ्छ।

मन्त्रीको प्रमुख सल्लाहकार मन्त्रालयका सचिव नै हुन्। सचिवले उचित सल्लाह दिएनन् वा दिन सकेनन् भने अर्को सचिव खोज्न मिल्छ तर मन्त्रालयको सञ्चालनमा पद तथा गोपनीयताको शपथ नखाएका व्यक्तिलाई निर्णायक बनाउन मिल्दैन। लोकतन्त्रमा भारदार वा गैरसंवैधानिक शक्ति केन्द्रले शासन चलाउन पाउँदैन। यस्तो विधिको शासनविपरीतको अभ्यास सुशासनको सिद्धान्तको पनि उल्लंघन हो। प्रतिनिधि सभामा प्रचण्ड बहुमत पाएको सरकारले कर्मचारीलाई विश्वासमा लिएर देशको शासन चलाउनु बुद्धिमानी र उचित हुन्छ। अनुत्तरदायी समानान्तर शासन चलाउने अभ्यास देश र जनताका लागि मात्र होइन स्वयं सरकारकै लागि पनि प्रत्युत्पादक बन्न सक्छ।

यसैले निजामती प्रशासनलाई छल्न वा पन्छाउन होइन सक्रिय र गतिशील बनाउन सरकारले प्राथमकिता देओस्। सल्लाहकारहरूको फौजले विगतमा पनि कहिल्यै देश र जनताको मात्र होइन स्वयं मन्त्री प्रधानमन्त्रीहरूको पनि हित गरेको उदाहरण बिरलै भेटिन्छ।

### गोलबजार नगरपालिकाद्वारा...

गुम्बा र मदरसाहरुमा कुनै न कुनै प्रकारले योगदान गर्ने छ। हामीले त्यहि अनुसार नीति, कार्यक्रम तथा बजेट विनियोजन गरेका छौं।' उनले अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने प्रदेशका आठवटै जिल्लाका ५–५ वटा विद्यालयहरुलाई अनुदानको प्रबन्ध गरेको जानकारी समेत दिए।

कार्यक्रममा जिल्ला समन्वय समितिका उपप्रमुख दिलिप लामाले स्वास्थ्यको क्षेत्रमा गोलबजार नगरपालिकाले विशेष काम गर्नुपर्नेमा जोड दिए। उनले गोलबजार नगरपालिकामा सरकारी स्तरको २४ घण्टा चल्ने अस्पताल नभएकाले यहाँका सर्वसाधारण जनताले सहज उपचार गर्न पाउने गरी एउटा अस्पताल बनाउनुपर्ने सुझाव दिए। नगर अधिवेशनमा विभिन्न दलीय प्रतिनिधिहरुले शिक्षा, स्वास्थ्य, कृषि र शुद्ध पिउने पानीको दिगो प्रबन्ध गर्नुपर्नेमा जोड दिएका थिए। उनीहरुले सिँचाइ र पिउने पानीको नाममा नगर र वडाले वर्षेनी करोडौं रुपैयाँ खर्च गरे पनि त्यसले उचित प्रतिफल दिन नसकेको भन्दै दिगो विकासका लागि पहल लिन आग्रह गरे।

नगर अधिवेशनमा राष्ट्रिय स्वतन्त्र पार्टीका बिरेन्द्र सिंह, नेपाली कांग्रेसका राजदेव साह (लालबाबु), नेकपा एमालेका राजकिश्वर महतो, नेपाली कम्युनिष्ट पार्टीका जीवन यादव, श्रम संस्कृति पार्टीका दिप लामा, राप्रपाका उद्धव अधिकारी, गोलबजार उद्योग वाणिज्य संघका अध्यक्ष विजय साह र स्थानीय व्यवसायी चन्द्रनारायण यादव लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। मेयर श्यामकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न नगरसभामा प्रमुख प्रशासकीय अधिकृत रुपनारायण खतिवडाले स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन वडा नम्बर ६ का वडाअध्यक्ष तथा नगरप्रवक्ता सज्जित लामाले गरेका थिए।

# के नेपाल युगान्तकारी परिवर्तनका लागि तयार छ ?

**सञ्जु दाहाल**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले ऐतिहासिक परिणामसहित निर्वाचन जितेर करिब दुईतिहाइ हाराहारीको बलियो सरकार निर्माण गरेको तीन महिना पुग्ने लागेको छ। यही अवधिमा रास्वपा अध्यक्ष रवि लामिछाने भारत भ्रमण सकेर फर्किसकेका छन्। भ्रमणलाई नेपाल–भारत सम्बन्ध सुमधुर राख्ने परम्पराकै एउटा महत्त्वपूर्ण कडी मानिएको छ।

चितवनमा आयोजित महाधिवेशनबाट पनि उनी नै पार्टी नेतृत्वमा दोहोरिएका छन्। महाधिवेशनपश्चात् उनको अर्को वैदेशिक भ्रमण छिमेकी मित्रराष्ट्र चीन हुन सक्छ। चीन आजको विश्वको उदाउँदो आर्थिक केन्द्र हो। चीनको आर्थिक विकासले विश्व अर्थतन्त्रमा उल्लेखनीय हिस्सा ओगटेको छ।

अनेक बाधा व्यवधानलाई चातुर्यपूर्वक अवसरमा परिणत गर्दै पूर्वाधार विकासको क्षेत्रमा चीनले गत सत्तरी वर्षयता ऊर्जा, यातायात र सूचना प्रविधितर्फ ठूलो प्रगति गरेको छ। ऊर्जा उत्पादनमा चीन विश्वकै दोस्रो स्थानमा छ। रेलमार्ग, जलमार्ग र हवाई मार्गको विकासमा पनि ठूलो फड्को मारेको छ।

चिनियाँ समाजवादको अभ्यास, गरिबी निवारणको महत्त्वाकांक्षी योजना, आधुनिक शिक्षा, यातायात, कृषि विकास, मेसिनरी–यन्त्र उत्पादन र अन्तरिक्ष प्रविधिको विकासले चीनलाई विश्वको सौँच्चिकै उत्कृष्ट राष्ट्र बनाएको छ। यो परिप्रेक्ष्यमा रवि लामिछानेको सम्भावित भ्रमण चर्चायोग्य सन्दर्भ हुन जान्छ। रास्वपा नेपालको नयाँ राजनीतिक शक्ति हो। चीनप्रति रास्वपा पनि गम्भीर हुनु अपरिहार्य छ।

**पूर्वाधार, लगानी र बीआरआई**

नेपालका राजनीतिक शक्तिहरूले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' अर्थात् बीआरआईको महत्त्व अझै राम्रोसँग ठम्याउन नसकेको जस्तो देखिन्छ। तर आधुनिक नयाँ राजनीतिक शक्ति भएको कारण रास्वपाले भने केही बुझेको हुनुपर्छ। वास्तवमा, चीनको बीआरआईले साझा आर्थिक विकासको अवधारणा तथा सहकार्यमा आधारित विकासको प्रगतिशील मार्गका रूपमा विश्वलाई एक सूत्रमा बाँध्दै छ।

बीआरआई एक प्रकारको प्लेटफर्म एवम् सञ्जाल पनि हो। यसले स्थानीय जनसमुदाय, सरकार, प्रादेशिक सरकार, केन्द्रीय सरकार र चीन सरकारसहित चिनियाँ उद्योग–व्यवसायी तथा अन्य लगानीकर्तालाई एउटै छातामुनि ल्याउँछ। साथै साझा योजना बनाउँदै समान लगानीमार्फत समान आम्दानी गर्ने अवसर सिर्जना गर्छ।

यसैगरी चीनले अफ्रिका, युरोप तथा एसिया सबैतिर समृद्धिको मार्ग खोल्दैछ। विगतमा नेपाली कांग्रेस र नेकपा (एमाले) आपसी सत्तागठबन्धनमा रहेका बेला चिनियाँ पूर्वाधार परियोजना बीआरआईमा आबद्ध हुने निर्णय नेपालले लिई नै सकेको छ। सन् २०१३ मा राष्ट्रपति सी चिनफिङले अन्तर्राष्ट्रिय पूर्वाधार तथा आर्थिक सहकार्य विकास कार्यक्रमका रूपमा बीआरआईको प्रस्ताव गरेका थिए। यो प्रस्तावको अन्तर्यमा प्राचीन समयमा व्यापारिक प्रयोजनका लागि प्रयोग हुने रेशम मार्ग अर्थात् 'सिल्क रोड' को ऐतिहासिक विरासतलाई आधुनिक सन्दर्भमा पुनर्जीवित गर्ने लक्ष्य छ।

बीआरआई अन्तर्गत एसिया, युरोप, अफ्रिका तथा अन्य क्षेत्रहरूलाई सडक, रेलमार्ग, बन्दरगाह, ऊर्जा र डिजिटल सञ्जालमार्फत जोड्ने प्रयत्न गरिएको छ। व्यापार, लगानी, क्षेत्रीय सम्पर्क र आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्य राखिएको यो परियोजना विश्वका धेरै देशहरूमा पूर्वाधार विकास तथा अन्तरदेशीय सहकार्यको महत्वपूर्ण माध्यमका रूपमा विकसित भएको छ।

निःसन्देह नेपालले पनि यसबाट फाइदा लिन सक्नुपर्छ। यो अवसरलाई नयाँ राजनीतिक शक्तिका रूपमा रास्वपाले चिन्न सक्नुपर्छ र नेपालको भव्य पूर्वाधार निर्माणको मार्गमा निर्धक्क अगाडि बढ्नुपर्छ।

**चीन र रास्वपा**

नेपालमा रास्वपा नेतृत्वको सरकार बनेलगत्तै चिनियाँ कम्युनिस्ट पार्टीले एउटा सन्देशपत्रमार्फत रास्वपासँगको बढ्दो सम्बन्ध र सहकार्यप्रति खुसी व्यक्त गर्नुका साथै आगामी दिनमा दुई राजनीतिक शक्तिबीचको सम्बन्ध अझै प्रगाढ हुने विश्वास गरेको थियो। चीन र नेपालबीचको सम्बन्ध एवम् विश्वासलाई थप गहन बनाउँदै दुवै देश र जनताको हितका लागि 'साझा भविष्यसहितको समुदाय' निर्माण गर्ने संकल्प पनि दोहोऱ्याएको थियो।

सो पत्रमा रास्वपाले पनि नेपाल–चीनबीचको परम्परागत मैत्रीपूर्ण सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन महत्त्वपूर्ण योगदान दिने चीनको विश्वाससमेत व्यक्त गरिएको छ। यता रास्वपाले पनि नेपालको स्वतन्त्र परराष्ट्रनीति र पञ्चशीलको सिद्धान्तमा अडिग रहँदै छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई सधैँ प्राथमिकतामा राख्ने जनाइसकेको छ। विगत केही दशकदेखि सत्तामा रहेका पुराना नेताहरू विस्थापित भएसँगै नयाँ शिराबाट कूटनीतिक सम्बन्ध सञ्चालन गर्ने अवसर पनि नयाँ सरकारलाई आएको छ। एक चीन नीतिमा रास्वपाको सार्वजनिक अडान छ। त्यसो हुँदा विदेश नीतिको हकमा एकदमै ठूलो रूपान्तरणकारी नीतिगत फेरबदल हुने सम्भावना छैन।

अब रास्वपाको मूलभूत ध्येय भनेको नेपालको आर्थिक रूपान्तरणमा साझा सम्बन्धलाई विस्तार गर्ने मात्रै हो। उसले आफ्नो वाचापत्रमा चीनसँग सहुलियत वित्तको परिचालनमार्फत विश्वस्तरीय पूर्वाधार निर्माण, आर्थिक–सामाजिक विकासका लागि राज्य निर्देशित लक्ष्य र कार्यक्रम तय गरिने जनाएको छ। त्यसैले आर्थिक विकास र पूर्वाधारका ठूला योजना निर्माण गरेर बीआरआईको सहायतामा सम्पन्न गराउन अघि बढ्ने समय आएको छ।

**पूर्वाधार विकासका सम्भावित योजनाहरू**

नेपालको भौगोलिक अवस्थिति विशिष्ट प्रकारको छ। भारततिर जोडिएको भूगोल तुलनात्मक सहज भए तापनि चीन–नेपाल जोड्ने मार्ग भने अलि कठिन छ। यद्यपि नेपाल–चीनबीच जनस्तरको सम्बन्ध जीवन्त राख्न सम्पूर्ण उत्तरी नाकाहरू सुरक्षित रूपले खोल्नु जरुरी छ। नेपाल–चीन सीमाका १० वटा नाकादेखि पुष्पलाल लोकमार्ग जोड्ने १० वटा सडक अन्तर्राष्ट्रिय स्तरका राजमार्गका रूपमा खोल्नुपर्छ।

आपसमा हुने पूर्वाधारको 'कनेक्सन'ले नै सम्बन्ध विस्तार गर्ने हो। गहन सम्बन्ध बनाउन पूर्वाधारको कनेक्सन अपरिहार्य हुन्छ। अबका दिनमा रेल, सडक, सुरुङ, जल एवम् हवाईजस्ता सबै मार्गबाट नेपाल–चीन जोडिनुपर्छ। केरुङ–काठमाडौँ, काठमाडौँ–पोखरा–लुम्बिनी/बुटवल, पूर्व–पश्चिम विद्युतीय तथा सात प्रदेशसम्बद्ध रेलमार्ग निर्माण थाल्न अब ढिला गर्नुहुँदैन।

त्यसैगरी सडकको क्षेत्रमा टिङ्कर–दार्चुला–दशबाँझ–धनगढी सडक, हिल्सा–सिमकोट–सुर्खेत सडक, कार्मारोङ–गमगढी–सिञ्जा सडक, कोरोला–मुक्तिनाथ–पाल्पा–बुटवल सडक, केरुङ–रसुवागढी–छहरे–काठमाडौँ सडक, खासा–कोदारी–पाँचखाल–धुलिखेल सडक, लामाबगर–तामाकोसी–भिमान सडक, ओलाङचुङगोला–फुङलिङ–इलाम–पाँचथर–झापा सडक, किमाथाङ्का–फुङलिङ सडकलाई अन्तर्राष्ट्रिय स्तरको मापदण्डसहित निर्माण गर्नुपर्ने देखिन्छ।

त्यस्तै पुष्पलाल (मध्यपहाडी) लोकमार्ग, हुलाकी एवम् मदन भण्डारी लोकमार्गलाई पूर्ण गर्दै ६ लेनको अन्तर्राष्ट्रिय स्तरको सडकमा स्तरोन्नति गर्नुपर्छ। अब सडक उकालो–ओरालो, घुमाउरो होइन, सिधा निर्माण गर्नेमा प्राथमिकता दिनुपर्छ। बरु आवश्यक स्थानमा सुरुङ वा पुल निर्माण गर्नुपर्छ। इन्जिनियरिङ क्षेत्रमा आधुनिकीकरण अपरिहार्य भइसकेको छ।

नेपालको तराई क्षेत्र हिउँदको याममा सुक्खा तथा वर्षायाममा पानीले डुबानमा पर्ने गरेको सबैलाई विदितै छ। नेपालको अन्न भण्डारका रूपमा रहेको तराईको समस्या समाधानका लागि पूर्व–पश्चिम जलमार्ग निर्माण गरेर बाढी नियन्त्रण गर्दै सम्पूर्ण तराईमा सिँचाइ गर्नुपर्छ। तराईको संरक्षण नेपालको असाध्यै महत्त्वपूर्ण कार्यभार हो। धनगढी, भैरहवा, निजगढ र भद्रपुर विमानस्थलहरूलाई अत्याधुनिक अन्तर्राष्ट्रिय विमानस्थलका रूपमा विकास गर्नुपर्छ। नेपालका सातवटै प्रदेशमा चिनियाँ संस्कृति झल्कने चिनियाँ बजार, चिनियाँ उत्पादन र चिनियाँ व्यवसायीहरूको केन्द्रका रूपमा सात सहर अर्थात् 'चाइना टाउन' निर्माण गर्नुपर्छ।

सबै प्रदेशमा नेपाल–चीन मैत्री पाँचतारे होटेल, अस्पताल र प्राविधिक शिक्षालयहरू खोल्नुपर्छ। हामी नेपालीहरू यति सबै ठूला एवम् भव्य योजनाहरू सुन्न पनि सक्दैनौँ, हामीमा आत्मविश्वास छैन। विकासको चेतनाको स्तर पनि ज्यादै न्यून छ। निश्चय पनि सिर्जनाको सुरुवात सपनाबाटै हुने हो। हामीले ठूला सपना देख्न सङ्कोच मान्नुहुँदैन। अहिले जनताले रास्वपाप्रति ठूलो विश्वास गरेका छन्।

चीन सरकार पनि नेपाललाई सहयोग गर्न आतुर छ। तर हाम्रा मन्त्रालय, योजना आयोग, विभाग, कर्मचारी सबै निदाइरहेको जस्तो देखिने अहिलेको समयमा यी सबै सपनाको भारी बोक्न के रास्वपा तयार छ ? भन्ने प्रश्न छ।

**स्रोत व्यवस्थापन**

उल्लिखित सबै योजनालाई एकीकृत गरेर 'नेपाल पुनरुत्थान' कार्यक्रमको सञ्चालन प्रधानमन्त्री कार्यालयको मातहतमा हुनुपर्छ। हामीमाझ खड्किरहेको समस्या भनेको इच्छाशक्तिको कमी हो। दृढ इच्छाशक्ति हुँदा बजेट भनेको व्यवस्थापन गर्ने विषय हो। समयमा इमानदार भएर ब्याज तिर्ने हो भने ऋण पाउन गाह्रो छैन। योजना निर्माण गर्दा नै सम्बन्धित योजनाको प्रतिफल र समय निर्धारण हुनुपर्छ। कुशल व्यवस्थापन हुने हो भने प्रतिफलको समस्या हुँदैन। काठमाडौँबाट बुटवल एक घण्टामा पुगिन्छ भने १५ सयदेखि २ हजार तिर्न कसैलाई समस्या हुँदैन। यो स्तरको सेवा निर्माण गर्नु अब रास्वपा सरकारको प्रमुख दायित्व हो। आम्दानीमा समस्या हुँदैन, यो व्यापारको युग हो।

अब हाम्रा महत्त्वपूर्ण योजनाहरू ५ देखि १० वर्षभित्र सम्पन्न हुने तथा १० वर्षपछि निरन्तर नाफाको १० प्रतिशत लाभांशसहितको अन्तर्राष्ट्रिय अग्राधिकार सेयर निष्कासन गर्ने योजना निर्माण गर्नु राम्रो हुन्छ। बीआरआईको मोडलमा १० प्रतिशत नेपाल सरकार, १० प्रतिशत नेपाली जनता, १० प्रतिशत नेपाली व्यावसायिक संघसंस्था, १० प्रतिशत विश्व बैंक, १० प्रतिशत एसियाली विकास बैंक, १० प्रतिशत चिनियाँ सरकार, १० प्रतिशत चिनियाँ व्यवसायी, १० प्रतिशत चिनियाँ

**–बाँकी तीन पेजमा**

## के नेपाल ...

जनता र बाँकी अन्य संघसंस्थालाई सेयर खरिद गर्न अनुरोध गर्ने इमानदार योजना बनाउने हो भने खर्बौं डलरको काम गर्न सकिन्छ।

जम्मा ५ जना मात्रै क्षमतावान् लगानी विश्लेषकलाई अध्ययन–अनुसन्धान गराएरै यो योजनालाई मूर्त रूप दिन सकिन्छ। बीआरआईमार्फत चीन सरकार आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउन तयार छ। तर सबैभन्दा ठूलो प्रश्न हामी आफैँतिर फर्किएको छ, त्यो हो–'के नेपाल युगान्तकारी परिवर्तनका लागि तयार छ ?'

## मोहरम सौहार्दपूर्ण ...

जमिरुद्दिन मन्सुरले सर्लाहीमा २० वटै पालिकामा मुस्लिम समुदायको बसोवास रहेको र सबै ठाउँमा पर्व मनाउने गरिएको जानकारी दिनुभयो। उहाँका अनुसार मुख्यगरी सदरमुकाम मलङ्गवा, हरिपुर, गोडैता, पर्सा, हरिपुर्वालगायत मुस्लिम बाहुल्य रहेको क्षेत्रमा मोहरमको अवसरमा अझ बढी उल्लास हुने गरेको छ।

मोहरम पर्व मनाउनेक्रममा कहीँकतै समस्या उत्पन्न हुन नदिन व्यापक मोहरमको त्याली निकालिने ठाउँमा व्यापक मात्रामा नेपाल प्रहरी र सशस्त्र प्रहरी तैनाथ गर्ने र सुरक्षा प्रमुखहरु आफै परिचालित हुने तयारी रहेको जिल्ला प्रशासन कार्यालय सर्लाहीले जनाएको छ।

## सिराहामा विपत् ...

दरको दुई थान फायर एक्सटिङ्गर, हेलमेट, बडी ब्याग, रेस्क्यु राफ्ट, पिपिई सेटलगायत ३२ प्रकारका सामग्री रहेको क्लबका अध्यक्ष बिसुन्खेले बताए। उनका अनुसार त्यसअघि सोमबार अर्नमा गाउँपालिकालाई पनि विपत् उद्धार तथा सुरक्षा सामग्रीहरू हस्तान्तरण गरिएको छ।

**उद्धार तथा सुरक्षाका लागि सहज**

विपत् उद्धार तथा सुरक्षा सामग्री बुझ्दै प्रजिअ पौडेलले जल उत्पन्न तथा आगलागीका समयमा प्रयोग गरिने सामग्रीहरूले उद्धारमा संलग्न व्यक्तिको सुरक्षासहित उद्धारका लागि सहज हुने बताए। 'जिल्लाको विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनका लागि प्राप्त सामग्रीहरू उपयोगी हुनेछन्,' उनले भने, 'प्राप्त गरिएका सामग्रीहरू नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीलाई हस्तान्तरण गरिनेछ।'

जिल्लाका तीन सुरक्षा निकायसँग विपत् उद्धार तथा सुरक्षा सामग्रीहरू स्टकमा रहेको जानकारी दिँदै उनले त्यसबाहेक स्थानीय तह, सामुदायिक संस्थाहरूसँग पनि केही सामग्री रहेको बताए। प्रकोपजन्य विपतका वेला स्थानीय तह, सामुदायिक संस्थाहरूसँग भएका सामग्री प्रयोग गर्दा पनि उद्धारमा कठिनाइ भएको खण्डमा उद्धार सामग्रीसहित सुरक्षा निकाय परिचालन हुने उनले बताए।

जिल्ला विपत् व्यवस्थापन समिति सिराहाका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा सुक्खा मौसममा आगलागी तथा मनसुनका वेला बाढी डुबान तथा कटानको जोखिम छ। जिल्लाको पश्चिमी सीमाको रूपमा रहेको कमला नदीमा मनसुनका वेला अत्यधिक वर्षा तथा जलस्तर वृद्धि हुँदा सिराहा नगरपालिकाकाअन्तर्गत पर्ने ४, ५, ६, १२, १३, १७ नं. वडाअन्तर्गत पर्ने रमौल, खर्सलवा, मानपुर, बसबिट्टा, कठकोलवा, महरा तथा पासवान टोल, सारश्वर कल्याणपुर नगरपालिका २, ३ र ५ नं. वडामा पर्ने चतरी, दोनवारी, इटारी प्रसाही, निर्दना भोक्राहा, कर्जन्हा नगरपालिकाको ३, ६, ७ नं. वडा अन्तर्गत टीकापुर, बन्दीपुर, खैराटोल, सुन्दरपुर, बेतहा, मिर्चैया, प्रेमनगर, मरेवा गाउँ प्रभावित हुने गरेको विपत् प्रतिकार्य योजनामा उल्लेख छ।

त्यस्तै, जिल्लाको पूर्वी सीमा नदी बलान तटीय क्षेत्रमा पर्ने लहान नगरपालिकाको ३, ४, ५, ९, १०, १९ र २३ नं. वडा क्षेत्रमा पर्ने लहान, सोनमती मझौरा, गाढा, सखुवानन्कारकट्टी गाउँपालिकाको ३, ४ र ५ नं. वडाका सखुवानन्कारकट्टी, परिहारपुर, इटहर्वा, सिम्राहा, तिलेबोना, भगवानपुर गाउँपालिकाको १, ३ र ४ नं. वडाका लालपुर, कल्याणपुर, सिनुवारीलगायतका गाउँ प्रभावित हुने गरेका छन् भने गागन तथा गल्थु नदीको कारणले औरही गाउँपालिकाको १, २, ३, ४ र ५ नं. वडाको हरकट्टी, कुन्डलपुर, मालटोल, बनिनियाँ, तुलसीपुर, औरही, कड्हर्वा, जमुवा, नवटोली, इँटाटार, कमलपुर र देउरीपट्टी गाउँहरू प्रभावित हुने गरेका छन्।

# मानव–वन्यजन्तु द्वन्द्व रोक्न वृक्षरोपण अभियान

झापा, ११ असार। वन क्षेत्रको न्यून विस्तार, तीव्र जनसङ्ख्या वृद्धि र बढ्दो बसाइँसराइका कारण झापामा मानव–वन्यजन्तु द्वन्द्व चुनौतीपूर्ण बन्दै गएको छ। यही अवस्थालाई मध्यनजर गर्दै डिभिजन वन कार्यालय झापाले चालू आर्थिक वर्षमा वृक्षरोपणलाई उच्च प्राथमिकतामा राख्दै सामुदायिक वनसँगको सहकार्यमा खाली जमिनमा व्यापक रूपमा बिरुवा रोप्ने योजना अघि बढाएको छ।

पूर्वी तराईको सबैभन्दा बढी जनघनत्व भएको जिल्ला झापाको कूल क्षेत्रफल एक हजार ६०६ वर्ग किलोमिटर रहेको छ। तर वन क्षेत्र भने १८ हजार ६५ हेक्टरमा मात्र सीमित छ। यो जिल्लाको कूल भूभागको ११.२४ प्रतिशत हो। वन क्षेत्रको यो अनुपात राष्ट्रिय औसतभन्दा कम रहेको छ। आन्तरिक बसाइँसराइका कारण यहाँको जनसङ्ख्याको चाप निरन्तर बढिरहेको छ। बढ्दो बस्ती विस्तारका कारण वन क्षेत्रमाथिको दबाब बढ्दै जाँदा वन्यजन्तुको प्राकृतिक बासस्थान खुम्चिँदै गएको छ। यसको प्रत्यक्ष असर मानव र वन्यजन्तुबीच हुने द्वन्द्वमा देखिन थालेको छ।

नेपाल सरकारले सन् २०३० सम्म वन विनाशलाई शून्यमा झार्ने तथा देशको वन क्षेत्र ५० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। डिभिजन वन कार्यालय झापाका वन अधिकृत रामभक्त यादवका अनुसार हाल देशको वन क्षेत्र ४६ प्रतिशत नाघेको छ। तर झापाको भौगोलिक अवस्था, सीमित वन क्षेत्र र तीव्र शहरीकरणका कारण उक्त राष्ट्रिय लक्ष्य हासिल गर्न चुनौतीपूर्ण देखिएको छ।

वन अधिकृत यादवका अनुसार मानव–वन्यजन्तु द्वन्द्व कम गर्दै हरियाली विस्तार गर्ने उद्देश्यले यस वर्ष करिब ५० हेक्टर खाली जमिनमा वृक्षरोपण गरिनेछ। यो कार्यक्रम सामुदायिक वन उपभोक्ता समूहसँगको समन्वयमा सञ्चालन हुनेछ। उहाँका अनुसार राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रमअन्तर्गत १५ हेक्टर क्षेत्रमा तारबारसहित वृक्षरोपण गरिनेछ। त्यसैगरी नमूना वृक्षरोपण कार्यक्रममार्फत २० हेक्टर, प्रदेश सरकारको वन विकास तथा जडीबुटी प्रवर्द्धन कार्यक्रमअन्तर्गत चार हेक्टर तथा कृषि वन प्रवर्द्धन कार्यक्रममार्फत थप चार हेक्टर क्षेत्रमा बिरुवा रोपिनेछ।

वृक्षरोपण कार्यक्रमलाई प्रभावकारी बनाउन जिल्लाका पाँच स्थानमा नर्सरी सञ्चालन गरिएको वन अधिकृत यादवले बताउनुभयो। डिभिजन वन कार्यालय चन्द्रगढी, मेची बहुवन उपडिभिजन, जलथल उपडिभिजन रङ्गियाडाँडा, दमक उपडिभिजन झिलझिले तथा कन्काई उपडिभिजन सुरुङ्गास्थित नर्सरीमा विभिन्न प्रजातिका करिब दुई लाख बिरुवा उत्पादन गरिएको उहाँले जानकारी दिनुभयो। यसका साथै वन कार्यालयले करिब रु १० लाख बराबरका बाँसका बिरुवा र करिब रु १० लाख बराबरका फलफूलका बिरुवा खरिद गरी निःशुल्क वितरण गर्ने तयारी छ।

विशेषगरी जङ्गली हात्तीको आवतजावत हुने क्षेत्रमा बाँसका बिरुवा रोप्न प्रोत्साहन गरिनेछ। यसले हात्तीको प्राकृतिक आहार र आवरणको व्यवस्थापनमा सहयोग पुग्ने विश्वास गरिएको छ। वन अधिकृत यादवका अनुसार यस वर्ष पहिलोपटक श्रीखण्डका बिरुवासमेत वितरण गरिनेछ। आर्थिक तथा वातावरणीय दुवै हिसाबले महत्वपूर्ण मानिने श्रीखण्डको प्रवर्द्धनले स्थानीय समुदायलाई दीर्घकालीन रुपमा आम्दानीको अवसर सिर्जना गर्नुका साथै वनको जैविक विविधता संरक्षणमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ।

वन क्षेत्र विस्तारसँगै वन्यजन्तुको प्राकृतिक बासस्थान संरक्षण, वातावरणीय सन्तुलन कायम गर्ने तथा मानव–वन्यजन्तु द्वन्द्व कम गर्ने उद्देश्यले अघि बढाइएको वृक्षरोपण अभियानलाई झापामा दीर्घकालीन वातावरण संरक्षणको महत्वपूर्ण पहलका रूपमा हेरिएको छ।

# पर्यटकीय स्थल ठूलो आहाल क्षेत्रको संरक्षण गरिँदै

भोजपुर, ११ असार। भोजपुरको पौवादुङमा गाउँपालिका–४ बास्तिममा अवस्थित प्राकृतिक सौन्दर्यले भरिपूर्ण 'ठूलो आहाल' क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्य सुरु गरिएको छ। ओझेलमा परेको यस स्थललाई व्यवस्थित गर्दै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित गाउँपालिकाले संरक्षण अभियान अघि बढाएको हो।

स्थानीयस्तरमा आकर्षक प्राकृतिक पोखरीका रूपमा रहेको ठूलो आहाल क्षेत्र पर्यटकका लागि सम्भावनायुक्त स्थल मानिन्छ। हरियाली वन क्षेत्रले घेरिएको यो स्थान शान्त वातावरण, स्वच्छ हावा र प्राकृतिक सौन्दर्यका कारण आन्तरिक पर्यटनका लागि उपयुक्त गन्तव्य बन्न सक्ने स्थानीय बताउँछन्।

गाउँपालिकाले यस क्षेत्रको दीर्घकालीन संरक्षण र पर्यटन प्रवर्द्धनलाई ध्यानमा राख्दै भौतिक पूर्वाधार संरचना निर्माण सुरु गरेको छ। हालसम्म पोखरी संरक्षण, वरपरको क्षेत्र सरसफाइ, विश्रामस्थल निर्माण, वृक्षारोपणलगायत कार्य सम्पन्न भइसकेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिनुभयो। यसले पर्यटकलाई बस्न, अवलोकन गर्न र समय बिताउन सहज वातावरण तयार पार्न थालेको उहाँको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृत भट्टराईका अनुसार हालसम्म करिब रु पाँच लाख बराबरको लगानीमा प्रारम्भिक संरक्षण तथा पूर्वाधार विकासका काम सम्पन्न गरिएको छ। "यस क्षेत्रलाई व्यवस्थित गर्दै क्रमशः थप संरचना निर्माण गर्ने योजना छ", उहाँले भन्नुभयो। प्राकृतिक सम्पदाको जगेर्नासँगै पर्यटकीय स्थल बनाउने लक्ष्यका साथ संरक्षण तथा विकासको काम गरिएको गाउँपालिका उपाध्यक्ष ज्योत्सना राईले बताउनुभयो। प्राकृतिक रूपमा सुन्दर र सम्भावनायुक्त ठाउँ रहेकाले यसको विकासमा गाउँपालिकाले जोड दिएको उहाँको भनाइ छ।

स्थानीयवासी पनि यस अभियानप्रति उत्साहित देखिएका छन्। स्थानीय ुव राईका अनुसार ठूलो आहाललाई पर्यटकीय स्थलसँगै वनभोज स्थलका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ। "यो ठाउँलाई संरक्षण गरेर प्रचारप्रसार गर्न सके यहाँ आन्तरिक पर्यटक भित्र्याउन सकिन्छ", उहाँले भन्नुभयो।

आगामी दिनमा थप पूर्वाधार निर्माण, पहुँच मार्ग सुधार, सूचना बोर्ड स्थापना तथा प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्दै ठूलो आहाल क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना अघि सारिएको पौवादुङमा गाउँपालिका कार्यालयले जनाएको छ।

# नेपाल–भारत जोड्ने पुल नबन्दा सास्ती

**सुधा देव**

सप्तरी, ११ असार। नेपाल–भारत सीमा नाकासँग जोडिने पुल बर्षौंदेखि निर्माण हुन नसक्दा सर्वसाधारणले आवत–जावत गर्न सास्ती ब्यहोर्नु परेको छ। जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका बेल्ही भन्सार कुनौलीसँग जोडिएको पुल बन्न नसक्दा नेपाल र भारतबाट आवत–जावत गर्ने सर्वसाधारणलाई सास्ती भोग्नुपरेको हो। बाँसको पुल बनाएर बर्षौंदेखि सर्वसाधारण आवत–जावत गर्दै आए पनि १ दशक अघि आएको बाढीले उक्त पुल बगाएपछि त्यसयता सर्वसाधारणले बर्खा याममा हिलो र पानी तथा गर्मी याममा धुलो खाएर आवत–जावत गर्नुपर्ने बाध्यता रहेको जिल्लाको विष्णुपुर गाउँपालिकाका रामप्रसाद सदाले बताउनुभयो।

उहाँले भन्नुभयो, "जिल्लासँग जोडिएको कुनौली बजार जिल्लावासीको किनमेल गर्ने मुख्यबजार भएकाले दिनहुँ यहाँबाट करिब ४० देखि ६० हजार सर्वसाधारण आवत–जावत गर्दै आए पनि पुल निर्माणका लागि कुनै पक्षले चासो नदेखाएपछि उक्त बाटोबाट हिड्डुल गर्ने सर्वसाधारणले सास्ती ब्यहोर्न परेको छ। कुनौली बजारमा राजविराजको बजारभन्दा सस्तो मूल्यमा सामान पाइने हुनाले सर्वसाधारणले उपभोग गर्ने अधिकांश सामग्री खासगरी विपन्न, गरिव तथा निम्न वर्गका सर्वसाधारण त्यहाँ गएर सामान किन्नुपर्ने बाध्यता भएकाले यहाँबाट दिनहुँ हजारौं सर्वसाधारणले आवत–जावत गर्दैआएका छन्।

अहिले लगनको महिना भएकाले अघिपछिभन्दा अहिले उल्लेख्य संख्यामा सर्वसाधारणले कुनौली आवत–जावत गर्नुपर्ने भएकाले पुलको अभावमा बाटो काट्दा सर्वसाधारणले अनेकौं जोखिम उठाउनुपर्ने बाध्यता रहेको राजविराज –७ कि रेखा चौधरीले बताउनुभयो। उहाँले भन्नुभयो, "यात्रा जोखिम भए पनि हामी विपन्न उपभोक्ताले आवत–जावत गर्नुपर्ने बाध्यता छ। नेपाल भारतको रोटीबेटीको सम्बन्ध भएकाले बिवाह, व्रतबन्ध, उपचार गर्न यसै बाटोबाट कुनौली हुँदै भारतबाट जिल्ला आउने र भारततर्फ सर्वसाधारण जाने गरेका छन्।



# 'पत्रकारितामा भाषिक शुद्धता अपरिहार्य'

**रवीन्द्र उप्रेती**

बर्दीबास, ११ असार। मधेश प्रदेशकी श्रम तथा यातायात मन्त्री शारदादेवी थापाले सञ्चार माध्यममा भाषाको शुद्धता, सही अर्थ र मर्यादित प्रयोगको ठुलो महत्त्व रहेको बताउनुभएको छ भाषिक शुद्धताले सञ्चार माध्यमको विश्वसनीयता, प्रभावकारिता तथा गरिमा कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले भाषा प्रयोगमा सञ्चारकर्मी सजग र संवेदनशील हुनुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो।

आम सञ्चार प्राधिकरण मधेश प्रदेशको समन्वय तथा नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको आयोजनामा बुधबारदेखि बर्दीबासमा सुरु भएको दुईदिने 'मधेश प्रदेशको भाषिक पत्रकारिता एवं सञ्चार माध्यम प्रवर्धन' सम्बन्धी कार्यशालाको उद्घाटन गर्दै मन्त्री थापाले उक्त धारणा व्यक्त गर्नुभएको हो।

उहाँले बहुभाषिक समाजमा मातृभाषाको प्रयोगले नागरिकलाई सरकारका गतिविधि तथा सेवाबारे बुझ्न सहज बनाउने बताउँदै सञ्चार माध्यमहरूले स्थानीय भाषाको संरक्षण र प्रवर्धनका लागि गोरखापत्र र रेडियो नेपालबाट प्रेरणा तथा जानकारी लिनुपर्ने बताउनुभयो। "भाषिक पत्रकारिता केवल समाचार सम्प्रेषणको माध्यम मात्र होइन, देशको विविधता र पहिचान जोगाउने बलियो कडी पनि हो," उहाँले भन्नुभयो, "मर्यादित, शिष्ट र स्पष्ट भाषाको प्रयोग गर्दै सञ्चारकर्मीहरूले स्थानीय भाषालाई सम्मान गर्नुपर्छ।"

कार्यक्रममा आम सञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष जितेन्द्र खड्काले सातवटै प्रदेशमध्ये मधेश प्रदेश सरकारले सबैभन्दा पहिले प्रदेश सञ्चार ऐन तथा नियमावली निर्माण गरी सञ्चार क्षेत्रलाई व्यवस्थित गर्ने अग्रसरता देखाएको स्मरण गराउनुभयो। सञ्चार माध्यम तथा सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका लागि प्राधिकरण सक्रिय रूपमा लागेको उहाँको भनाइ थियो। अध्यक्ष खड्काका अनुसार सञ्चारकर्मीको हित तथा वृत्ति विकासका लागि छात्रवृत्ति, उपकरण खरिदमा अनुदान, विभिन्न ११ विधामा लेखनवृत्ति (फेलोसिप) तथा सञ्चार क्षेत्रलाई प्रोत्साहन गर्न ११ वटा पुरस्कार स्थापना गर्ने कार्य अघि बढाइएको छ। सीमित स्रोत-साधनका बाबजुद लोककल्याणकारी विज्ञापनमार्फत प्रदेशका सञ्चार माध्यमलाई सहयोग गर्ने कार्य निरन्तर जारी रहेको उहाँले बताउनुभयो।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका अध्यक्ष महेशकुमार दासले सामाजिक सञ्जालको बढ्दो प्रभावका बिच 'फेसबुके पत्रकारिता' ले भ्रम फैलाउने, सामाजिक सद्भाव बिथोल्ने, गोपनीयता हनन गर्ने तथा चरित्रहत्यासम्मका घटना निम्त्याउने गरेको बताउनुभयो। उहाँले सञ्चारकर्मीहरू जिम्मेवार पत्रकारिता र सामाजिक सञ्जालको प्रयोगप्रति सचेत रहनुपर्ने आवश्यकता औँल्याउनुभयो।

प्रमुख प्रशिक्षक तथा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष धर्मेन्द्र झाको नेतृत्वमा सञ्चालन भइरहेको कार्यशालामा मधेश प्रदेश मिडिया काउन्सिलकी अध्यक्ष बन्दना झा, महासंघका केन्द्रीय सदस्य राजकरण महतोलगायतले नेपाली सञ्चार क्षेत्रका समस्या, चुनौती तथा पत्रकारिताको दायित्वबारे धारणा राख्नुभएको थियो। दुई दिनसम्म सञ्चालन हुने कार्यशालामा ४० भन्दा बढी सञ्चारकर्मीको सहभागिता रहेको आयोजक नेपाल पत्रकार महासंघ महोत्तरी शाखाका सचिव रामनारायण महतोले जानकारी दिनुभयो।

# चुरे अभियानको माग

जनकपुरधाम, ११ असार। डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त प्रसाद साहको सरुवा भएको दुई साताभन्दा बढी समय बितिसक्दा पनि निर्णय कार्यान्वयन नभएको भन्दै चुरे तथा वनजंगल संरक्षण अभियानले तत्काल कार्यान्वयनको माग गरेको छ।

अभियानका राष्ट्रिय संयोजक सुनिल कुमार यादवले बुधबार मधेश प्रदेशको वन तथा वातावरण मन्त्रालय, जनकपुरधाममा ज्ञापनपत्र बुझाउँदै सरुवा आदेश अविलम्ब कार्यान्वयन गर्न आग्रह गरेका हुन्। उनले मन्त्रालयलाई बुझाएको ध्यानाकर्षण पत्रमा सरुवा निर्णय समयमै कार्यान्वयन नहुनुले मन्त्रालयका निर्णयहरू कागजी र प्रभावहीन बन्दै गएको सन्देश प्रवाह भएको आरोप लगाएका छन्।

ज्ञापनपत्रमा रौतहट वन क्षेत्रमा भएका विभिन्न अनियमितता तथा घटनाबारे गठित छानबिन समितिहरूले प्रतिवेदन बुझाइसक्दा पनि सार्वजनिक तथा कार्यान्वयन नगरिनु शंकास्पद रहेको उल्लेख गरिएको छ। साथै महोत्तरीको बर्दिबास-कालापानी क्षेत्रमा वन अतिक्रमण नियन्त्रणका क्रममा वन कर्मचारी श्वेता झा, समुनु श्रेष्ठलगायत सात जना कर्मचारीलाई ६ देखि ७ घण्टासम्म बन्धक बनाउने तथा सरकारी गाडी जलाउने जस्ता घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउन नसकिएकोप्रति पनि अभियानले गम्भीर आपत्ति जनाएको छ।

अभियानले आफ्नै मातहतका कर्मचारीमाथि भएको अमानवीय घटनाप्रति मन्त्रालय मौन बसेको भन्दै त्यसलाई अस्वीकार्य रहेको जनाएको छ। ज्ञापनपत्रमार्फत अभियानले तीनबुँदे माग अघि सारेको छ। मागहरूमा हेमन्त प्रसाद साहको सरुवा आदेश कार्यान्वयन गरी तत्काल प्रदेशमा हाजिर गराउने तथा रौतहटमा नयाँ डिभिजन वन अधिकृत खटाउने, रौतहट वन क्षेत्रसम्बन्धी छानबिन प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्ने तथा महोत्तरीको बर्दिबास-कालापानी घटनाका दोषीहरूलाई कानुनी कारबाही गरी पीडित वन कर्मचारीहरूलाई न्याय दिनुपर्ने रहेका छन्।

अभियानले आफ्ना मागहरू यथाशीघ्र सम्बोधन नगरिए सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत दिएको छ। ध्यानाकर्षण पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय महोत्तरी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधाम, गृह मन्त्रालय सिंहदरबार काठमाडौं तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाडौंमा समेत पठाइएको छ।

# लालपूर्जा लिएरमात्रै होल्डिङ सेन्टर छाड्ने अडानमा सकुम्वासी

**शिखा श्रेष्ठ**

काठमाडौं, ११ असार। सरकारले होल्डिङ सेन्टरमा बसोबास गर्दै आएका सुकुम्बासी तथा भूमिहीन परिवारलाई पाँच दिनभित्र स्थान खाली गर्न निर्देशन दिएपछि उनीहरुले पनि लालपूर्जा लिएरमात्रै होल्डिङ सेन्टर छोड्ने अडान लिएका छन्। अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले सूचना जारी गर्दै दिएको पाँचदिने अल्टिमेटम १२ गते सकिँदैछ। तर पीडितहरुले पनि दीर्घकालीन रुपले समस्या समाधान गरेपछि मात्रै होल्डिङ सेन्टर छाड्ने अडानसहित "सरोकारपत्र" सरकारलाई बुझाएका छन्। सरकारले गत वैशाख १२ देखि उपत्यकाका नदी किनारका बस्तीमा डोजर चलाएर उनीहरुलाई होल्डिङ सेन्टर पुर्याएको थियो।

सरकारले असार ८ गते होल्डिङ सेन्टर खाली गर्न पाँच दिने अल्टिमेटमसहितको सूचना टाँसेपछि कीर्तिपुरको होल्डिङ सेन्टरमा बसिरहेका यी वृद्धको भोक निद्रा हराएको छ। सरकारले होल्डिङ सेन्टर खाली गरेर आफैं व्यवस्थापन गर्न भनेपछि उहाँको चिन्ता थपिएको हो। कमाइ गर्ने एउटै छोरो पनि बिरामी हुनुहुन्छ। सात जना परिवारको गुजारा धान्ने छोरो नै बिरामी हुँदा र सरकारले आफूहरुको उठिबास लगाउँदा उच्च रक्तचापले झनै थला पारेको छ।

निरन्तर कोठा खोजिरहेको भए पनि कोठा नै नपाएको दुखेसो उनीहरुको छ त्यसमाथि पनि धेरै जनाको परिवारलाई कोठा दिन नसक्ने घरधनीहरुले बताउने गरेका छन्। त्यसैले उनीहरु सरकारले लालपुर्जा नदिएसम्म होल्डिङ सेन्टरमै बस्ने अडानमा छन्। थापाथलीबाट कीर्तिपुरस्थित राधास्वामी सत्संगको होल्डिङ सेन्टरमा विस्थापित भएका बसन्त माझी भने सरकारले घोषणा प्याकेज स्वीकार गर्ने तयारीमा छन्। सरकारले ढिलोचाँडो आफूहरुलाई पूर्जा दिलाउने अपेक्षा उहाँको छ।

शहरी विकास मन्त्रालय अन्तर्गतको अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले असार ८ गते सबै होल्डिङ सेन्टरमा अस्थायी रूपमा बसोबास गर्दै आएका सुकुम्बासी तथा भूमिहीन परिवारलाई पाँच दिनभित्र स्थान खाली गर्न भन्दै सूचना टाँसेको थियो। सूचनामा होल्डिङ सेन्टरमा स्थानान्तरण भएका व्यक्तिहरुको डिजिटल तथ्यांक संकलन सकिइसकेको र राहत रकम सम्बन्धित व्यक्तिको बैंक खातामा पठाउने व्यवस्था मिलाइएको उल्लेख छ। समितिका अध्यक्ष आनन्दसिंह भाटकाअनुसार, कीर्तिपुर, बोडे कृषि तालिम केन्द्र, खरिपाटी, बालाजुका विभिन्न होटल र इचंगु नारायणमा रहेका ३८८ परिवारलाई होल्डिङ सेन्टर खाली गर्न भनिएको छ। उनीहरुलाई फर्म भराउन समितिका प्रतिनिधिहरु होल्डिङ सेन्टमा पुगेका छन्।

सरकारले असार १२ गतेभित्र आफैं व्यवस्थापन गरी सेन्टर खाली गर्न आग्रह गरेकामा अल्टिमेटम सकिन एकदिन मात्रै बाँकी रहँदा बिहीबार पीडितहरुले पनि सरोकारपत्र जारी गरेका छन्। बिहीबार हामी कीर्तिपुर पुग्दा सरकारले जारी गरेको सूचना र पीडितहरुको सरोकार पत्र एउटै सूचना बोर्डमा टाँसिएको थियो। सरोकार पत्रमा उनीहरूले सरकारले जबरजस्ती उठाएर होल्डिङ सेन्टरमा राखेको २ महिना बितिसक्दासमेत सरकारले दीर्घकालिन रुपले समाधान गर्न नसकेको आरोप लगाएका छन्। सरकारको यस्तो कदमले बालबालिकाको पढाइ पनि प्रभावित हुने चिन्ता एकातिर छ भने अर्कोतिर अब होल्डिङ सेन्टरबाट पनि लखेट्न लागेको भन्दै उनीहरु आक्रोशित बनेका छन्।

पाँच बुँदे मागसहितको सरोकार पत्रमा पीडितहरुले सरकारले आफूहरुलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने स्थायी व्यवस्थापन नहुँदासम्म प्रत्यक्ष सेवा-सुविधा दिनुपर्ने र नीतिअनुसार उचित स्थायी व्यवस्थापन गर्नुपर्ने माग गरेका छन्। यता सरकारी पक्षले भने होल्डिङ सेन्टर अस्थायी भएकाले दीर्घकालीन रूपमा राख्न नसकिने र तत्कालका लागि राहत दिएर व्यवस्थापन खोजिएको जनाएको छ। अहिले सरकारका विभिन्न निकायको समन्वयमा हाल होल्डिङ सेन्टरमा रहेका र अन्य भूमिहीनहरुको लगत संकलन र प्रमाणीकरणको काम भइहेको छ।

सरकारले प्रभावित परिवारलाई पुनर्स्थापनाका लागि राहत प्याकेजसमेत घोषणा गरेको छ। यसअन्तर्गत प्रत्येक परिवारलाई कोठा खोज्न तथा प्रारम्भिक व्यवस्थापनका लागि एकमुष्ट २५ हजार रुपैयाँ उपलब्ध गराइनेछ। त्यसैगरी, वास्तविक सुकुमबासी तथा घरबारविहीन प्रमाणित परिवारलाई स्थायी व्यवस्थापन नहुँदासम्म पाँचजनासम्मको परिवारलाई मासिक १५ हजार रुपैयाँका दरले घरभाडा सहयोग दिइने समितिले जनाएको छ। पाँचजना भन्दा बढी रहेका परिवारलाई प्रतिव्यक्ति दुईहजारका दरले रकम थपिने समितिले जनाएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।







मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)